# <u>ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>**: ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा २ मा संशोधन</u>**: ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,—

(१) खण्ड (च) पछि देहायका खण्ड (च१), (च२) र (च३) थपिएका छन्:-

"(च१) "सन्तान" भन्नाले प्रचलित कानून बमोजिम सन्तानको हैसियतप्राप्त व्यक्ति सम्झनु पर्छ।

(च२) "सेवा केन्द्र" भन्नाले दफा २०क. बमोजिमको ज्येष्ठ नागरिक सेवा केन्द्र सम्झनु पर्छ र सो शब्दले ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण गर्न स्थापना र सञ्चालन हुने हेरचाह केन्द्र, ज्ञान सीप हस्तान्तरण केन्द्र, आश्रम वा यस्तै प्रकृतिका तीनै तहमा गठन हुने सरकारी संरचनालाई समेत जनाउँछ।

(च३) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(२) खण्ड (छ) को उपखण्ड (१) मा रहेका "नाति, नातिनी," भन्ने शब्दहरूपछि "छोरीतर्फको नाति, नातिनी" भन्ने शब्दहरू थपिएका छन् ।

(३) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "हकवाला" भन्नाले मुलुकी देवानी संहिता, २०७४ को अपुताली सम्बन्धी परिच्छेद बमोजिम ज्येष्ठ

नागरिकको अपुताली पाउने हकवाला सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः–

“(४क) असहाय ज्येष्ठ नागरिकको अधिकतम हित प्रवर्द्धन गर्न तोकिए बमोजिम विशेष संरक्षण तथा सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ।”

४. **मूल ऐनको दफा ५ मा संशोधन**ः मूल ऐनको दफा ५ को,-

(१) दफा शीर्षकमा रहेका "ज्येष्ठ नागरिकले" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपदफा (१) मा रहेको “उजुरी दिन सक्नेछ।” भन्ने शब्दहरूपछि “साथै आफ्नो टोल छिमेकमा कुनै ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह यथोचित भईरहेको छैन भन्ने लागेमा कारण सहित सम्बन्धित छिमेकीले समेत उजुरी दिन सक्नेछ।” भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (५) मा रहेका “गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख समक्ष” भन्ने शब्दहरूको सट्टा “स्थानीय तहको न्यायिक समिति समक्ष” भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (६) र (७) मा रहेका “गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले” भन्ने शब्दहरूको सट्टा “स्थानीय तहको न्यायिक समितिले” भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थपिएका छन्ः-

"(९) उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना नगर्ने व्यक्तिले त्यस्तो ज्येष्ठ नागरिकको सम्पत्ति भोग गरेको विषयमा स्थानीय तहमा उजुरी परेमा न्यायिक समितिले ज्येष्ठ नागरिकको नाममा रहेको त्यस्तो चल अचल सम्पत्ति निजको सट्टा निजलाई पालनपोषण तथा हेरचाह गर्ने नातेदार वा हकवालालाई जिम्मा लगाउन सक्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेका वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला वा नातेदार नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी पालनपोषण तथा हेरचाह नगरिएका वा अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निज ज्येष्ठ नागरिकको हक, हितका लागि परिचालन गर्नेछ।"

५. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u>ः** मूल ऐनको दफा ८ को उपदफा (३) झिकिएको छ।

६. **<u>मूल ऐनमा दफा ८क. र ८ख. थप</u>ः** मूल ऐनको दफा ८ पछि देहायका दफा ८क. र ८ख. थपिएका छन्ः-

**"८क. <u>स्थानीय तहको दायित्व</u>ः** (१) स्थानीय तहले ज्येष्ठ नागरिकको जीवनयापनमा समस्या

देखेमा निजका सन्तान वा नजिकको हकवालाको आर्थिक आम्दानी वा हैसियत वा उपार्जनका अवस्था पहिचान गरी तोकिए बमोजिमको रकम मासिक रूपमा सम्बन्धित ज्येष्ठ नागरिकको खातामा जम्मा गर्न लगाउनु पर्नेछ।

तर तोकिएको न्यूनतम आम्दानी नभएका व्यक्तिको हकमा भने ज्येष्ठ नागरिकको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्नु स्थानीय तहको दायित्व हुनेछ।

(२) स्थानीय तहले निर्णय लिनुपूर्व ज्येष्ठ नागरिकको जीवनयापनका लागि तत्काल केही गर्न आवश्यक देखेमा सम्बन्धित वडा अध्यक्षले अन्तरिम रूपमा निजका सन्तान वा हकवालालाई परिस्थिति विचार गरी सम्बन्धित ज्येष्ठ नागरिकको बैङ्क खातामा निश्चित रकम जम्मा गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम बाबु आमासँगै बसेका वा कानून बमोजिम भिन्न भइसकेको अवस्थामा समेत जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको बाबु आमा सगोलमा बसेका रहेछन् भने बाबु आमाको संयुक्त खातामा र बाबुआमा भिन्न बसेका रहेछन् भने आफूले पालनपोषण तथा हेरचाह गर्नु पर्ने बाबु वा आमाको खातामा जम्मा गर्नुपर्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित पारिश्रमिक वा निवृत्तिभरण पाइरहेका वा स्वरोजगार, व्यापार, व्यवसाय वा अन्य जुनसुकै किसिमको आयआर्जनबाट तोकिए बमोजिमको वार्षिक आम्दानीभन्दा बढी आम्दानी भएका बाबु आमाको लागि पारिश्रमिक वा रकम जम्मा गर्नु पर्ने छैन।

(६) उपदफा (१) र (२) बमोजिमको रकम जम्मा गर्नु पर्ने दायित्व भएका व्यक्तिले आफूले जम्मा गर्नु पर्ने रकमको विवरण एवं भौचर वा भरपाई सम्बन्धित स्थानीय तह एवं आफू कार्यरत निकायमा पैंतीस दिनभित्र जानकारी गराउनु पर्नेछ र वार्षिक रूपमा आफूले जम्मा गरेको रकमको विवरण प्रत्येक आर्थिक

वर्षको अन्त्यमा सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम रकम जम्मा गर्नु पर्ने दायित्व भएको व्यक्तिले रकम जम्मा नगरेमा सोको कार्यान्वयनका लागि निजका बाबु वा आमाले निज कार्यरत निकायमा वा स्थानीय तहमा निवेदन दिन सक्ने छन्।

(८) उपदफा (७) बमोजिम निवेदन प्राप्त भएमा रकम जम्मा गर्नु पर्ने दायित्व भएको व्यक्ति कार्यरत निकायको प्रमुखले त्यस्तो व्यक्तिको पारिश्रमिक वा रकम जम्मा गर्न सम्बन्धित अधिकारीलाई आदेश दिनेछ।

(९) कसैले यस दफा बमोजिम बाबुआमालाई पारिश्रमिक वा रकम जम्मा गरेको कारणले मात्र प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने कानूनी दायित्व एवं व्यावहारिक जिम्मेवारीबाट उन्मुक्ति पाउने छैन।

(१०) यस दफा बमोजिम बाबुआमाको नाममा बैङ्क खातामा जम्मा

भएको रकम त्यस्ता बाबुआमाले आफ्नो आधारभूत आवश्यकता पूरा गर्ने लगायतको कार्यमा खर्च पछि बाँकी रहेको रकम निजहरुको मृत्यु पश्चात अन्त्येष्टिमा खर्च गर्न सकिनेछ।

(११) ज्येष्ठ नागरिक सम्बन्धी प्राप्त निवेदन एवं उजुरीको सुनुवाइ सरल एवं द्रुत प्रक्रियाबाट सम्पादन गर्न स्थानीय तहले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(१२) उपदफा (१०) बमोजिमको कामबाट पनि बाबुआमाको नाममा बैंक खातामा रकम बाँकी भएमा त्यस्तो रकम जम्मा गर्ने परिवारका सदस्यहरूले उपभोग गर्न सक्नेछन्।

(१३) जुनसुकै कारणले सन्तानलाई पालनपोषण, हेरचाह, शिक्षादीक्षा प्रदान नगरिएका वा उचित अभिभावकत्व नदिइएका, घर परिवारबाट निकाला गरी खान, लाउन नदिई हुर्केका सन्तानलाई ज्येष्ठ नागरिक बाबुआमालाई पालनपोषण गर्न, गराउन स्थानीय तहले बाध्य पार्न सक्ने छैन।

(१४) राज्यले ज्येष्ठ नागरिकको सेवा सुविधा उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहले ज्येष्ठ नागरिकको विस्तृत विवरण अद्यावधिक एवं वर्गीकरण गर्नु पर्नेछ। साथै राज्यले ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव उपभोग तथा पुस्ता हस्तान्तरण गर्न, गराउन सक्नेछ र आफ्नो ज्ञान, सीप, अनुभव उपलब्ध गराउनु सम्बन्धितको कर्तव्य हुनेछ।

(१५) यस दफा वमोजिम रकम जम्मा गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

८ख. <u>दुर्व्यवहार तथा अपमान गर्न वा झुक्यानमा पार्न नहुने</u>: (१) कसैले ज्येष्ठ नागरिकलाई दुर्व्यवहार वा अपमान गर्न वा गराउन हुँदैन।

(२) कसैले ज्येष्ठ नागरिकको नाममा रहेको चल, अचल सम्पत्ति लिने, खाने उद्देश्यले वा अन्य प्रयोजनको लागि कुनै किसिमको दबाब दिई वा प्रलोभन वा झुक्यानमा पारी सम्पत्ति लिन वा आफ्नो वा अरु कसैको नाममा राख्नु हुँदैन।"

७. **<u>मूल ऐनको दफा १० मा संशोधन</u>:** मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) ज्येष्ठ नागरिकलाई प्रचलित कानूनको अधीनमा रही जिल्ला कानूनी सहायता समिति मार्फत कानूनी सहायता उपलब्ध गराइनेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस ऐन बमोजिम ज्येष्ठ नागरिकले गरेको कसुरजन्य कार्यको शुरू कारवाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा ज्येष्ठ नागरिक इजलास गठन गर्न सक्नेछ।"

८. **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>:** मूल ऐनको दफा १२ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) बमोजिम अदालतको आदेश अनुसार ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा

राख्दा अन्य ज्येष्ठ नागरिकबाट अलग्गै राख्नु पर्नेछ।”

९. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को खण्ड (क) र (छ) को सट्टा देहायका खण्ड (क) र (छ) राखिएका छनः-

“(क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(छ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य"

(२) उपदफा (१) को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः–

"(ठ१) अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ –सदस्य”

१०. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रदेश ज्येष्ठ नागरिक समिति तथा स्थानीय ज्येष्ठ नागरिक समितिको काम कारबाहीमा समन्वय तथा अनुगमन गर्ने,"

(२) खण्ड (ङ) मा रहेका "दिवा सेवा केन्द्र," भन्ने शब्दहरूपछि "सेवा केन्द्र," भन्ने शब्दहरू थपिएका छन्।

११. **<u>मूल ऐनमा दफा १४क. थप</u>**: (१) मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"१४क. **<u>प्रदेश ज्येष्ठ नागरिक समिति</u>**: (१) प्रत्येक प्रदेशमा ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश ज्येष्ठ नागरिक समिति गठन गर्न सक्नेछ।

(२) प्रदेश ज्येष्ठ नागरिक समितिको बैठक, काम कारबाही सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनले निर्धारण गरे बमोजिम हुनेछ।"

१२. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

“१५. **<u>स्थानीय ज्येष्ठ नागरिक समितिको गठनः</u>** (१) प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि स्थानीय तहले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय ज्येष्ठ नागरिक समिति गठन गर्न सक्नेछ।

(२) स्थानीय ज्येष्ठ नागरिक समितिको बैठक तथा अन्य काम कारबाही सम्बन्धी व्यवस्था स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।”

१३. **<u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को ठाउँ-ठाउँमा रहेको "जिल्ला" भन्ने शब्दको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन् ।

१४. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "नेपाल सरकार वा" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (८) मा रहेका "दिवा सेवा केन्द्रको" भन्ने शब्दहरू पछि "मापदण्ड तथा" भन्ने शब्दहरू थपिएका छन्।

१५. **<u>मूल ऐनमा दफा २०क. थप</u>:** मूल ऐनको दफा २० पछि देहायको दफा २०क.थपिएको छः-

"२०क. **<u>ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना र सञ्चालन</u>:** (१) ज्येष्ठ नागरिकलाई हेरचाह र संरक्षण गर्न स्थानीय तहले ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा केन्द्रले ज्येष्ठ नागरिकका लागि तोकिए बमोजिमका आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको आयमूलक कार्यक्रममा ज्येष्ठ नागरिकलाई संलग्न गराउँदा निजको शारीरिक र मानसिक अवस्था विचार गर्नु पर्नेछ।

(४) सेवा केन्द्रले ज्येष्ठ नागरिकलाई उत्प्रेरित गर्ने किसिमका तालीम तथा ज्येष्ठ नागरिकको स्वास्थ्य र पोषण

तथा उचित स्याहार सम्बन्धमा चेतनामूलक तालीम तथा गोष्ठी सञ्चालन गर्न सक्नेछ।

(५) सेवा केन्द्रले ज्येष्ठ नागरिकलाई निजको इच्छा विपरीत यस दफा अन्तर्गत सञ्चालन गरिने कार्यक्रममा संलग्न गराउनु हुँदैन।

(६) सेवा केन्द्रले केन्द्रीय ज्येष्ठ नागरिक समिति, प्रदेश ज्येष्ठ नागरिक समितिको निर्देशन तथा स्थानीय ज्येष्ठ नागरिक समितिको समन्वयमा रही काम गर्नेछ।

(७) सेवा केन्द्रको अन्य काम, कर्तव्य, अधिकार र मापदण्ड तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१६. **मूल ऐनमा दफा २५क. थप**ः मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएको छः-

"२५क. **कसुर गरेको मानिने**ः कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ४ को उपदफा (१) बमोजिमको कर्तव्यको पालना सन्तान वा परिवारका सदस्य वा हकवालाले नगरेमा,

(ख) दफा ४ को उपदफा (३) विपरीत अलग बस्न बाध्य पारेमा,

(ग) दफा ८ को उपदफा (१) विपरीत भिक्षा माग्न लगाएमा,

(घ) दफा ८ को उपदफा (२) विपरीत सन्यासी, भिक्षु वा फकिर बनाएमा,

(ङ) दफा ८ख. को उपदफा (१) र (२) विपरीतको काम गरेमा वा गर्न लगाएमा,

(च) हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा सेवा केन्द्रका प्रमुख, सञ्चालक, कर्मचारी वा पदाधिकारी वा अन्य कुनै व्यक्तिले ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै काम गरे वा गराएमा।"

१७. **मूल ऐनको दफा २६ मा संशोधनः** मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. **<u>सजायः</u>** (१) कसैले दफा २५क. को खण्ड (क) बमोजिमको कसुर गरेमा तीन लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) कसैले दफा २५क. को खण्ड (ख) बमोजिमको कसूर गरेमा तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) कसैले दफा २५क. को खण्ड (ग) बमोजिमको कसूर गरेमा एक वर्षसम्म कैद वा तीस हजार रुपैयाँदेखि नब्बे हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(४) कसैले दफा २५क. को खण्ड (घ) बमोजिमको कसुर गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(५) कसैले दफा २५क. को खण्ड (ङ) बमोजिमको कसुर गरेमा तीन महिनासम्म कैद वा दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र ज्येष्ठ नागरिकको सम्पत्ति

लिए वा राखेको भए त्यस्तो सम्पत्ति सम्बन्धित ज्येष्ठ नागरिकलाई फिर्ता दिनु पर्नेछ।

(६) कसैले दफा २५क. को खण्ड (च) बमोजिम ज्येष्ठ नागरिकको सम्पत्ति लिने बदनियतले कुनै कार्य गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बिगो बमोजिम जरिवाना वा दुवै सजाय हुनेछ।

(७) उपदफा (१) बमोजिमको जरिवानाको रकम सम्बन्धित बाबुआमाको बैङ्क खातामा जम्मा गरिनेछ।

१८. **<u>मूल ऐनमा दफा २६क. थप</u>**: मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. **<u>थप सजाय हुने</u>**: (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले यस ऐन बमोजिमको कसुर गरेमा निजलाई अन्य व्यक्तिलाई हुने सजायमा थप तीस प्रतिशत सजाय हुनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिक विरुद्ध प्रचलित कानून

बमोजिम कसुर मानिने कुनै कार्य गरेमा निजलाई प्रचलित कानूनमा व्यवस्था भएको सजायमा थप पच्चीस प्रतिशत सजाय हुनेछ।

तर जन्मकैदको सजाय भएकोमा यो व्यवस्था लागू हुने छैन।

(३) यस ऐन बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो सजाय हुने कार्य पुनः गरेमा निजलाई पटकै पिच्छे थप दश प्रतिशत सजाय हुनेछ।"

१९. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. **मुद्दा हेर्ने अधिकारः** (१) दफा २५क. को खण्ड (क) अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित स्थानीय तहको न्यायिक समितिलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम बाहेक यस ऐन अन्तर्गतको कसुरको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।"

२०. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. **सरकार वादी हुनेः** दफा २५क. को खण्ड (क) बमोजिमको कसुर बाहेक यस ऐन अन्तर्गतको अन्य कसुर सम्बन्धी मुद्दा सरकारवादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।"

२१. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) नेपाल सरकारले केन्द्रीय ज्येष्ठ नागरिक समिति, प्रदेश ज्येष्ठ नागरिक समिति तथा स्थानीय ज्येष्ठ नागरिक समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ।"

२२. **मूल ऐनको दफा ३१ मा संशोधनः** मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः-

"३१. **प्रतिवेदन पेश गर्नु पर्नेः** आफूले गरेको कामको वार्षिक प्रतिवेदन स्थानीय ज्येष्ठ नागरिक समितिले सम्बन्धित प्रदेश ज्येष्ठ

नागरिक समिति र केन्द्रीय ज्येष्ठ नागरिक समितिमा तथा प्रदेश ज्येष्ठ नागरिक समितिले केन्द्रीय ज्येष्ठ नागरिक समितिमा आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र र केन्द्रीय ज्येष्ठ नागरिक समितिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

२३. **<u>रूपान्तरः</u>** यस ऐनको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छः-

(क) "केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय ज्येष्ठ नागरिक समिति",

(ख) "जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति" भन्ने शब्दहरूको सट्टा "स्थानीय ज्येष्ठ नागरिक समिति",

(ग) "ज्येष्ठ नागरिक कल्याण कोष" भन्ने शब्दहरूको सट्टा "ज्येष्ठ नागरिक कोष",

(घ) "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा

"महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।"

फाल्गुण २६, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनसहित पारित गरेको र श्रावण ४, २०७९ मा बसेको प्रतिनिधि सभाको बैठकले यस विधेयकलाई संशोधनसहित पारित गरेकोमा राष्ट्रिय सभाको श्रावण १२, २०७९ मा बसेको बैठकले उक्त संशोधनलाई स्वीकार गरी पुनः पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

(गणेश प्रसाद तिमिल्सिना)

अध्यक्ष

मितिः २०७९/०४/२३ राष्ट्रिय सभा

राष्ट्रिय सभा अध्यक्षबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

........................

(विद्यादेवी भण्डारी)

राष्ट्रपति

मितिः २०७९।....।...